नगर सन्देश
भीगु किपू स्वच्छ किपू
नगर सन्देश वा:पौ (साप्ताहिक)
कीर्तिपुर नगरपालिकाको बुलेटिन
वर्ष १ ● अङ्क ३० ● ने.सं. ११४० तछलागा ३ (तृतिया) ● वि.सं. २०७७ जेष्ठ २६ गते, सोमबार ● 2020 June 8 Monday ● पृष्ठ ८

**अनलाइन संस्करण**

# कीर्तिपुरमा कोभिड-१९ परीक्षण प्रयोगशाला बन्दै

● कीर्तिपुरमा पहिलो सङ्क्रमित देखा पर्‍यो

विश्व माहामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड-१९) का कारण थुप्रै नेपालीहरू विदेशमा रहिरहेको अवस्थामा नेपाल सरकारले हालै मात्र आफ्ना नागरिकहरूलाई सुरक्षित रुपमा नेपाल फर्काउने निर्णय गरे बमोजिम नेपालीहरू आफ्नै देश नेपाल फर्किरहेका छन् । यसै सन्दर्भमा विदेशबाट आएका नेपालीहरू नेपालमा आएसँगै कम्तिमा १४ दिनसम्म क्वारेन्टिनमा बस्नु पर्ने भएकोले नेपाल सरकारकै निर्देशनमा विभिन्न स्थानहरूमा क्वारेन्टिन पनि बनाइएको छ।

नेपाल सरकारले गत चैत्र ११ गतेदेखि देशैभर लकडाउनको घोषणा गरे लगत्तै कीर्तिपुर नगरपालिकाले त्रिभुवन विश्वविद्यालय परिसरमा सम्भावित सङ्क्रमणहरूका लागि क्वारेन्टिन बनाएको थियो तर पछि नेपाल सरकारको मापदण्ड अनुसार नहुने भएपछि साधारण ज्वरो लगायत स्वास्थ्य जाँच गर्ने गरि स्थापना गरिएको थियो। हाल सोही ठाउँलाई नेपाल सरकारकै मापदण्ड अनुसारको क्वारेन्टिन बनाइएको छ । नेपाल सरकारकै निर्देशनमा त्यस क्वारेन्टिनमा धमाधम मानिसहरू पनि बस्न आइरहेका छन् । हाल उक्त क्वारेन्टिनमा विदेशबाट आएका २ जना बसिरहेका छन् भने हिजो आइतबारसम्म विदेशबाट आएर बसेका ६ जना आ-आफ्ना स्थानमा समेत गइसकेका छन्।

कीर्तिपुर नगरपालिका वडा नं. ६, चोभार बस्ने ५१ वर्षीय पुरुष भारतको गोवाबाट गत जेठ २० गते आएका थिए भने १ दिन आफ्नै घरमा बसी २१ गते देखि यस त्रिविको क्वारेन्टिनमा बस्दै आइरहेका छन्। त्यसै गरी २१ गते नै नवलपरासीका ३५ वर्षीय पुरुष मलेसियाबाट आई बसिरहेका छन्।

जेठ २४ गते जापानबाट आएका विराटनगरका २ महिला सहित ३ जना, स्वयम्भु काठमाडौंका १ जना पुरुष, स्याङ्जाका १ पुरुष र १ महिला समेत ६ जना गरी सबैको आरडिटी रिपोर्ट नेगेटिभ आएकोमा जापानबाट आएका ६ जना आ-आफ्नो स्थानतिर गइसकेका छन्।

इनरुवा सुनसरी घर भई कीर्तिपुर नगरपालिका वडा नं. २ मैत्रीनगर बस्ने मनमोहन मेमोरियल मेडिकल कलेज एण्ड टिचिङ्ग हस्पिटलमा काम गर्ने एकजनाको गत जेठ २० गते पीसीआर जाँच गर्दा पोजिटिभ देखिएकोले तत्काल निजलाई शसस्त्र प्रहरी अस्पताल, बलम्बुमा राखिएको छ भने कोभिड-१९ को कुनै पनि लक्षण देखा नपरेको र निजको स्वास्थ्य सामान्य रहेको हस्पितलद्वारा जारी वक्तव्यमा जनाइएको छ।

कीर्तिपुर नगरपालिकाले देशभरका पालिकाहरूमध्येमा पहिलो पटक कोरोना परीक्षण गर्ने प्रयोगशाला बनाएको छ । नगरपालिकाले त्रि.वि. परिसरमा रहेको त्रि.वि. लायन्स रक्त सञ्चार तथा अनुसन्धान केन्द्रमा त्रि.वि. जैविकप्रविधि केन्द्रीय विभागसँगको सहकार्यमा कोरोना भाइरसको परीक्षण गर्ने Real time PCR Machine सहितको प्रयोगशाला निर्माण कार्य गर्दैछ। त्रि.वि. जैविकप्रविधि केन्द्रीय विभागका प्रमुख प्रा.डा. कृष्णदास मानन्धरको नेतृत्वमा सोही विभागका शिक्षक सन्देश महर्जन एवम् विद्यार्थी गणेश अधिकारी लगायत १५-१६ जनाको समूहले सो प्रयोगशाला निर्माण गरिरहेको छ। केही मेशिन आउन बाँकी रहेको र ती मेशिनहरू आउनासाथ नेपाल सरकार र विश्वस्वास्थ्य संगठनको मापदण्ड अनुरुपनै उक्त प्रयोगशाला (LAB) पूर्ण क्षमतामा सञ्चालनमा आउने शिक्षक सन्देश महर्जनले जनाउनु भएको छ।

## कोरोना भाइरस (कोभिड १९) अपडेट

| विश्व | नेपाल |
|---|---|
| कूल संक्रमण - ७०,८६,००८ | कूल संक्रमण - ३,४४८ |
| कूल मृत्यु - ४,०६,१०७ | कूल मृत्यु - १३ |
| निको भइसकेका - ३४,५९,९७२ | निको भइसकेका - ४६७ |

**कीर्तिपुर**

| आरडीटी | पीसीआर |
|---|---|
| परिक्षण - ३७९ | परिक्षण - १७१ |
| पोजेटिभ - ० | पोजेटिभ - १ |
| नतिजा आउन बाँकी - ० | नतिजा आउन बाँकी - ४ |

निको - ० क्वारेन्टिन - २ मृत्यु - ०

कीर्तिपुर नगरपालिकाको बुलेटिन नगर सन्देशद्वारा तयार पारिएको ।
अपडेट - जुन ८, २०२० सोमवार, बिहान ८:०० बजे (नेपाली समय)

## सम्पादकीय

# प्रशंसनीय सहकार्य

कोरोना भाइरसको विश्वव्यापी महामारीले कीर्तिपुर पनि अछुतो रहन सकेन। यो हामी सबैको जानकारीमा रहेकै सन्दर्भ हो। हाल सम्म विश्वभर यस महामारीबाट बच्ने उत्तम विकल्पको रुपमा नियमित साबुन पानीले हात धुने, स्तरीय स्यानिटाइजरको प्रयोग गर्ने, मास्कमा उचित प्रयोग गर्ने, भौतिक दुरी कायम गर्ने लगायतका उपाय अवलम्बन गर्न सुझाइएको छ। यसको साथसाथै यसको विस्तार रोक्न लकडाउन पनि प्रभावकारी देखिएको छ। यस परिप्रेक्ष्यमा कोही कसैलाई कोरोना भाइरस सङ्क्रमण भए नभएको निर्क्यौल गर्न त्यसको परीक्षण गर्ने हालसम्मको सबैभन्दा प्रभावकारी र विश्वसनीय विधि PCR परीक्षण विधि मानिएको छ। कीर्तिपुर नगरपालिकाले स्थानीय सरकारहरू मध्येमा पहिलो पटक आफ्नै क्षेत्रभित्र PCR परीक्षण गर्ने आधुनिक प्रयोगशाला निर्माण गरेको छ।

त्रि.वि. जैविकप्रविधि केन्द्रीय विभागसँगको सहकार्यमा उक्त प्रयोगशाला निर्माण भइरहेको छ। आफ्नो आँगनमा स्थापना भएको त्रिभुवन विश्वविद्यालयसँगको सहकार्यमा कीर्तिपुर नगरपालिकाले यो प्रयोगशाला निर्माण गरेर एउटा उदाहरणीय र प्रशंसनीय कार्यको थालनी गरेको छ। कीर्तिपुरले विगतमा नेपालको आधुनिक राजनैतिक इतिहासको विभिन्न कालखण्डमा नेतृत्वदायी भूमिका खेलेको हामी सबैलाई थाहा नै छ। यसै सन्दर्भमा कोरोना भाइरसको सङ्क्रमणले त्रसित बनाएको वर्तमान समयमा पुनः कीर्तिपुर नगरले एक पटक नेपालमै पहिलो पटक कोरोना परीक्षण गर्ने प्रयोगशाला निर्माण गरी नेपालका सम्पूर्ण गाउँपालिका तथा नगरपलिकाहरूलाई बाटो देखाएको छ।

नेपाल सरकारलाई समेत जनशक्ति र भौतिक पूर्वाधारको अभावले यस्ता प्रयोगशाला निर्माण गर्न कठीन भइरहेको समयमा यो ऐतिहासिक तथा प्रशंसनीय कार्यका लागि कीर्तिपुर नगरपालिका र त्रि.वि. जैविकप्रविधि केन्द्रीय विभाग एवम् प्रयोगशाला निर्माणका लागि आफ्नो भवन उपलब्ध गराउने त्रि.वि. लायन्स रक्तसञ्चार तथा अनुसन्धान केन्द्र, प्रयोगशाला निर्माणमा नेतृत्वदायी भूमिका निर्बाह गर्नुहुने शिक्षक एवम् विद्यार्थी वर्गलाई नगर सन्देश परिवार हार्दिक धन्यवाद् ज्ञापन गर्दछ र आगामी दिनमा पनि देश र जनताको हितका लागि आवश्यक सहकार्यको अपेक्षा गर्दछ।

# कीनपाले शिक्षा क्षेत्रमा गरेको प्रमुख कार्यहरू - २

**जुजुभाइ महर्जन**

***४. शिक्षक अपुग विद्यालयहरूमा स्वयंसेवक शिक्षकहरूको व्यवस्था :***

सामुदायिक विद्यालयहरूलाई समयानुकुल सबल, सक्षम र प्रभावकारी बनाउँदै लैजाने नगरको नीति र घोषणा अनुरुप शिक्षकको विषयगत दरबन्दी कम भएका वा हुँदै नभएका सामुदायिक विद्यालयहरू तिनीहरुको मागका आधारमा नगरमै उपलब्ध सक्षम तथा इच्छुक स्वयंसेवक शिक्षकहरू उपलब्ध गराई सहयोग पुर्‍याउने काम अगाडि बढाएको। हालसम्म जनसेवा, आदिनाथ, वैष्णवी, विश्व राष्ट्रिय, गोरखनाथ, बाघ भैरब मा.वि.हरू सो सेवाबाट लाभान्वित भएका छन्।

***५. शैक्षिक क्यालेन्डरको व्यवस्था :***

आफ्नो नगरमा सञ्चालित विद्यालयहरूमा हुने पठनपाठन, शैक्षिक गतिविधि तथा क्रियाकलापहरू तथा व्यवहारमा एकरुपता र सरलता ल्याउन जरुरी महशुस भई कीर्तिपुर नगरमा सञ्चालित विद्यालयहरूका लागि वार्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयनमा ल्याएको छ।

***६. आधारभूत तह कक्षा ८ को परीक्षा प्रणाली शुरुवात :***

स्थानीय तहमा विद्यालय शिक्षाको अधिकार आएसँगै यस नगरपालिकाले नगरमा सञ्चालित विद्यालयहरुको आधारभूत तहको कक्षा ८ को परीक्षा नगरस्तरीय कार्यक्रम तयार गरी एसईईकै मर्म अनुरुप केन्द्रगत रुपमा सञ्चालन गरी सो को नतिजा प्रकाशन तथा ग्रेडसिट तयार गरी विद्यार्थीहरूलाई उपलब्ध गराउने काम गरेको छ।

***७. कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रम निर्माण तथा पाठ्यपुस्तक लेखन :***

नेपाल सरकार शिक्षा मन्त्रालयको नियमानुसार कक्षा १ देखि कक्षा ८ सम्म पूर्णाङ्क १०० को स्थानीय पाठ्यक्रम निर्माण गर्न कार्यदल बनाई सो कार्यदलले तयार गरेको पाठ्यक्रम अनुसार कक्षा १ को पाठ्यपुस्तक लेखन समितिले प्रेसमा पठाई सकेको र कक्षा ६ को अन्तिम रुप दिने काम भईरहेको छ। यसबाट शै.ब. २०७७ देखि नै नगरका सम्पूर्ण विद्यालयका आधारभूत तहका विद्यार्थीहरूले स्थानीय सरोकार र स्थानीय विषयवस्तुको यथार्थपरक जानकारी पाउने अवस्था आएको हो।

***८. शिक्षक तालिम तथा क्षमता विकास कार्यक्रम :***

शिक्षक क्षमता अभिबृद्धि मार्फत नगरमा प्रभावकारी एवं गुणस्तरीय शिक्षा प्रदान गर्ने नीति अनुरुप यस नगरपालिका शिक्षा शाखाले शिक्षक तालिम, अध्ययन भ्रमण, शिक्षक गोष्ठी, शिक्षक प्रतियोगिताहरू सञ्चालन गर्ने लक्ष्य र कार्यक्रमहरू निर्माण गरी लागु गर्दै आएको छ। प्रधानाध्यापक तथा लेखा कार्य गर्ने कर्मचारीहरूलाई लेखा व्यवस्थापन तालिम, सार्वजनिक खरिद नियम बारे तालिम, कम्प्यूटर तालिमहरू आयोजना गरिसकेको छ। यसै शै.ब.मा शिक्षक पिकनिक तथा मार्गनिर्देशन बनभोज, कथा, कविता प्रतियोगिताहरू सञ्चालन गर्ने, विद्यालय लेखा प्रणाली सम्बन्धी तालिम, विद्यालय एकीकृत जानकारी राख्ने सफ्टवेयर तालिम प्रदान गर्ने कार्यक्रमहरू तय गरिएका छन्।

त्यस्तै गरी प्रारम्भिक बालकक्षालाई बालमैत्री एवं मनोरञ्जनात्मक बनाउन ५ दिने तथा ७ दिने बालकक्षा सहजकर्ता तालिम प्रदान गरी आवश्यक शैक्षिक सामग्री समेत वितरण गरेको छ। ***क्रमशः***

*(लेखक कीनपा शिक्षा शाखाका विद्यालय सुपरिवेक्षक हुन्।)*

## मेरो धारणा



प्रधानाध्यापक तथा लेखा कार्य गर्ने कर्मचारीहरूलाई लेखा व्यवस्थापन तालिम, सार्वजनिक खरिद नियम बारे तालिम, कम्प्यूटर तालिमहरू आयोजना गरिसकेको छ।

*यस स्तम्भमा प्रकाशित लेख/रचनाहरूमा व्यक्त विचारहरू लेखकको निजी विचार भएको जानकारी गराउँदछौं।*

# लकडाउन सरलीकरण गर्न मनोवैज्ञानिक




कीर्तिपुर नगरपालिकाको आयोजनामा गत जेठ २४ गते शनिबार नगरका विशिष्ट शिक्षाविद्हरूको सहभागितामा जूममा आधारित वेबिनार कार्यक्रम सम्पन्न भएको छ।

कीर्तिपुरका विद्यालय प्रधानाध्यापकहरू, स्वास्थ्य शिक्षा तथा शारीरिक विषय अध्यापनरत शिक्षकहरूको सहभागिता रहेको उक्त वेबिनार कार्यक्रमको शीर्षक Simplifying Lockdown Psychological Treatment by Health Educators रहेको थियो।

बिहान ८ बजेदेखि शुरू भएको उक्त कार्यक्रम सुरेन्द्र बज्राचार्यले सञ्चालन गर्नुभएको थियो । कार्यक्रममा प्रथम वक्ताका रुपमा पूर्व प्राचार्य तथा लायन्स क्लब अफ काठमाण्डौं कीर्तिपुरका अध्यक्ष नन्दकुमारी महर्जन, प्रा.डा. रामकृष्ण महर्जन र प्रा.डा. श्यामकृष्ण महर्जनले मनोविज्ञान, शिक्षा मनोविज्ञान र लकडाउनका बेलामा बालबालिकाहरूले भोगिरहेका विविध मनोवैज्ञानिक समस्या तथा समाधानका उपायहरू माथि आफ्नो भनाइ प्रस्तुत गर्नु भएको थियो।

कीर्तिपुर नगरपालिकाको फेसबुक पेज "हेलो कीर्तिपुर नगरपालिका" बाट प्रत्यक्ष प्रशारण भएको उक्त कार्यक्रममा सहभागी शिक्षकहरूको जिज्ञाशा र प्रश्नहरूको जवाफ दिइएको थियो।

स्मरणीय छ, कीर्तिपुर नगरपालिकाले शिक्षा, स्वास्थ्यसँग सम्बन्धित विषयमा लगातार यस प्रकारका वेबिनार आयोजना गर्दै सम्बन्धित पक्षलाई सचेत र सुसुचित गर्दै आइरहेको छ। यो कार्यक्रम हेर्न इन्टरनेटमा https://www.facebook.com/healthcarekirtipur/videos/376666216627061 यस लिंकमा क्लिक गरी पुनः हेर्न सकिन्छ।

## कीर्तिपुर नगरपालिकाको

## अत्यन्त जरूरी सूचना

विश्वमै महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) सम्बन्धी यस कीर्तिपुर नगरपालिका भित्र कोही कसैलाई केही जिज्ञासा वा परामर्शको लागि निम्न व्यक्तिहरूलाई तुरुन्त सम्पर्क गर्नहुन हार्दिक अनुरोध गर्दछ ।

डा. पेरु प्रधान (नि. निर्देशक, कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८५११७०१५५
डा. निजिना ताम्राकार (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८४१३००६१५
डा. कवीर तिवारी (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८४९६७२८२९
डा. स्वरुप श्रेष्ठ (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८०१०७७२१५
डा. प्रदीप राजभण्डारी (कीर्तिपुर अस्पताल) मोवाइल नं. ९८५१०५८९५८
डा. पूर्णिमा शाक्य (नि.मे.सु., विष्णुदेवी अस्पताल) मोवाइल नं. ९८६१४४४२३४

साथै यस महामारी कोरोना भाइरस विरुद्धको अभियानमा कीर्तिपुर नगरपालिकालाई स्वयंसेवकको रुपमा सहयोग गर्न इच्छुक स्वास्थ्यकर्मीहरूले यथाशिघ्र नगरपालिकामा सम्पर्क गर्नको लागि हार्दिक अनुरोध गर्दछ ।


# किपू नगरपालिकां विश्व वातावरण दिवस हन

वंगु जेठ २३ गते शुक्रवाः विश्व वातावरण दिवसया लसताय् किपू नगरपालिकां सुचुपिचु (सरसफाइ) ज्याभ्रूवःया ग्वसाःग्वःगु दु।

किपू नगरपालिकाया प्रमुख रमेश महर्जन, उप-प्रमुख सरस्वती खड्का, वडा नं. १ या अध्यक्ष हर्ष महर्जन, वडा नं. २ या अध्यक्ष रमेशमान डंगोल, वडा नं. ३ या अध्यक्ष राजेन्द्र महर्जन, वडा ९ या अध्यक्ष गंगाराम महर्जन, वडा नं. १० या अध्यक्ष अमन महर्जनलिसें जनप्रतिनिधिपिं व स्वयंसेवकतयूसं सुचुपिचु याःगु खः।

वंगु दँय् किपूया अमल्सि (गेटं) निसें ताहाँल्वातकया लँय् जवंखवं सिमा प्यूगु (बृक्षारोपण याःगु) थासय् घाँयूत ल्यया, कचा न्हायाः थथे सुचुपिचु याःगु खः।





किपू नगरपालिका
कीर्तिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

कीर्तिपुर, काठमाण्डौ।
३ नं. प्रदेश, नेपाल।

पत्र संख्या:
च.नं.:

मिति: २०७७/०२/२२

श्री सामुदायिक तथा संस्थागत विद्यालयका सबै प्रधानाध्यापक, प्रिन्सिपल तथा शिक्षकहरू,
कीर्तिपुर नगरपालिका, काठमाण्डौं।

विषय : अध्यापनका लागि सम्पर्क राख्ने सम्बन्धमा।

प्रस्तुत विषयमा यस नगरपालिकाद्वारा कोभिड-१९ को विद्यमान विषम परिस्थितिलाई मध्यनजर गरी **वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाई सहजिकरण निर्देशिका-२०७७** बमोजिम नगरपालिका भरीका विद्यार्थीलाई लक्षित गरी टिभी च्यानल तथा एफ.एम.बाट हाललाई कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरूका लागि कक्षा सञ्चालन गर्ने कार्यक्रम रहेकोले सो माध्यमबाट अध्यापन गर्न इच्छुक कीर्तिपुर नगरपालिका अन्तर्गतका विद्यालयहरूमा कार्यरत शिक्षकहरूले आ-आफ्ना प्रधानाध्यापक/प्रिन्सिपलज्यू मार्फत निम्न व्यक्तिहरूसंग सम्पर्क गरी अध्यापन गर्ने विषय, कक्षाको विवरण र आफ्नो सम्पर्क नम्बर यहि जेष्ठ मसान्त भित्र टिपाई सहयोग गरिदिनुहुन अनुरोध छ।

**क) श्री जनसेवा मा.वि.का प्रधानाध्यापक श्री देवराज महर्जन - ९८४९०२१२७४**

**ख) श्री जुजुभाइ महर्जन, शिक्षा शाखा, कीनपा - ९८५१०६७४९५**

गोविन्द प्रसाद निरौला
शाखा अधिकृत
शिक्षा शाखा, कीर्तिपुर नगरपालिका

## कीर्तिपुर नगरपालिका

कोरोना भाइरस (COVID-19) को माहामारीमा र
राहत वितरण गर्न सहयोगका लागि अपिल !!!

**बैंकको नाम**
**राष्ट्रिय बाणिज्य बैंक, टेकु शाखा**
**खाताको नाम**
**कीर्तिपुर नगरपालिका आकस्मिक कोष**
**खाता नं.**
**१७०००३०७०२०००२**

# किपू नगरपालिकाय् न्हूम्ह डिएसपियात लसकुस

महानगरीय प्रहरी वृत्त किपूया न्हूम्ह डिएसपि रुकेस तण्डुकारयात जेठ २१ गते बुधवाः किपू नगरपालिकाय् लसकुस याःगु दु। नगरपालिका भवनय् याःगु लसकुस ज्याभ्वःलय् नगर प्रमुख रमेश महर्जन, उप-प्रमुख सरस्वती खड्का, प्रमुख प्रशासकीय अधिकृत ध्रुवराज आचार्य, प्रशासन शाखा प्रमुख जनक थापा, किपू नगरपालिका वडा नं. २ या अध्यक्ष रमेशमान डंगोल, वडा नं ६ या अध्यक्ष न्हुच्छे बहादुर महर्जनलगायतं डिएसपि तण्डुकारयात सिन्हः तिकाः खादा क्वखायेका लसकुस याःगु खः।

ज्याभ्वःलय् नगरपालिका र सुरक्षा निकाय दथुइ थवंथवय् सहकार्य यानां न्ह्यांवनेमाःगु खँय् बःब्यूगु खः। न्हूम्ह डिएसपि तण्डुकार थ्वया न्ह्यः महानगरीय प्रहरी ज्याकू रानीपुखुलिइ कार्यरत जुयाच्वंम्ह खः। पुलांम्ह डिएसपि छेदिलाल कामति जनकपुर सरुवा जुयावंगु खः।



---

## कीर्तिपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
कीर्तिपुर, काठमाण्डौं
३ नं. प्रदेश, नेपाल।

प.स. ०७६/०७७
च.न.

मितिः- २०७७/०२/०१

**कीर्तिपुर नगरपालिकाको अत्यन्त जरुरी सूचना !**

विश्वव्यापी महामारीका रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड – १९) को संक्रमण काठमाडौं उपत्यका भित्र पुनः देखिनेक्रम बढिरहेकोले यस कीर्तिपुर नगरक्षेत्रभित्र कोरोना भाइरसको जोखिम र संक्रमणबाट बच्नका लागि उच्च सतर्कता सहित तपशील बमोजिम गर्न गराउन हुन सम्पूर्ण नगरवासी र सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल:

१। कीर्तिपुर नगरक्षेत्र भित्र प्रवेश गर्ने अपरिचित र नयाँ मानिसको निगरानी गरी त्यस्ता मानिसहरुको बारेमा सम्बन्धित वडाअध्यक्ष, नगरपालिका वा स्थानीय प्रहरीलाई खबर गर्ने,

२। नयाँ मानिसहरुलाई यस अवधिभर घरभाडामा नदिने, आफ्नो घरमा भाडामा बसेका व्यक्तिहरु हाल उपत्यका बाहिर रहेको भए यस अवधिमा घरमा आउन नदिने, अत्यावश्यक काम परी आउनै परेमा कोरोना परीक्षण गर्न लगाई RDT वा PCR Report Negative भएमा मात्र घरमा बस्न दिने र यसको अटेर गरेमा घरधनी र स्वयमं व्यक्ति जिम्मेवार हुनेछ,

३। खाद्यान्न, तरकारी, डेरी पसल लगायतका अत्यावश्यक बस्तु तथा सेवा बिक्रि वितरण कार्य विहान ९.०० बजेसम्म मात्र सञ्चालन गर्ने गराउने

४। आधिकारिक पास विनाका सवारी साधनहरु सञ्चालन नगर्ने नगराउने,

५। नगरक्षेत्र बाहिरका व्यक्तिहरु कीर्तिपुर नगरपालिकाभित्र नगरपालिकाको सुरक्षित स्थानमा बस्न परेमा खाना लगायतका खर्च सम्बन्धित व्यक्तिले नै व्यहोर्नु पर्ने ,

६। नेपाल सरकारबाट घोषित लकडाउनको पूर्ण पालना गर्ने गराउने ,

..............................
रमेश महर्जन
नगर प्रमुख

---

## किपू नगरपालिका
## कीर्तिपुर नगरपालिका

कीर्तिपुर, काठमाण्डौ।
३ नं. प्रदेश, नेपाल।

पत्र संख्याः २०७६/०७७
च.नं.: २६५२

मितिः २०७७०२।१६

श्री वडा अध्यक्ष ज्यू,
(वडा नं १ देखि १०सम्म)
कीर्तिपुर नगरपालिका, देवढोका, कीर्तिपुर

**विषय : आवश्यक सहयोग गरिदिनु हुन ।**

उपरोक्त सम्बन्धमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत न्यूनतम रोजगारीमा छनौट भएका सूचिकृत वेरोजगार व्यक्तिहरूलाई आ-आफ्नो वडामा हुनसक्ने पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरू छनौट गरी (पोखरी सरसफाइ, पिकनिक क्षेत्र, वडा कार्यालय सरसफाइ, साँस्कृतिक सम्पदा, पर्यटकीय मार्ग निर्माण, वृक्षारोपण तथा सरसफाइ आदि) परिचालनका साथै सूचिकृत बेरोजगार व्यक्तिहरूको अन्तिम भुक्तानीका लागि वहाँहरूको हाजिरी रुजु र गरेका कामहरूको अनुगमन वडा मार्फत सम्पन्न गर्नु पर्ने हुँदा यस पत्रअनुसार कार्य गर्नुहुन हार्दिक अनुरोध छ ।

..............................
केदार बुढाथोकी
रोजगार संयोजक




**क्वारेन्टिन भवन :** कीर्तिपुर नगरपालिकाले त्रिभुवन विश्वविद्यालयमा रहेको जनस्वास्थ्य केन्द्रिय विभागमा बनाएको क्वारेन्टिन । हाल यस क्वारेन्टिनमा विदेशबाट आएका २ जना बसिरहेका छन् ।
*तस्बिर : त्रिरत्न महर्जन*

# कीर्तिपुर नगरपालिका राजश्व शाखाको सूचना

विश्वभरी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड-१९) को कारण बन्द भइरहेको यस कीर्तिपुर नगरपालिकाको राजश्व संकलन कार्य मिति २०७७ जेठ २५ गते आइतबारदेखि अति आवश्यक कार्यलाई मध्यनजर गर्दै दिनको ११:०० बजे देखि दिउँसो १:०० बजेसम्म राजश्व शाखाबाट प्रवाह हुने कार्यहरूलाई सुचारु गर्ने भएको हुँदा सम्पूर्ण नगरवासीहरूलाइ यो सूचना जारी गरिएको छ।

---

**कीर्तिपुर नगरपालिका**
**राजश्व शाखा**

# कीर्तिपुर नगरपालिकाको सूचना

विश्वभरी महामारीका रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) को सङ्क्रमणलाई रोकथाम तथा सजगता अपनाउनका लागि सम्पूर्णमा हार्दिक अनुरोध गर्दछु। साथै यस्तो विपद्को अवस्थामा अन्य विरामी व्यक्तिहरूलाई अस्पतालसम्म सहज रुपमा पुऱ्याउनका लागि हाल भएका एम्बुलेन्सहरूको संख्या अपुग भएको हुँदा मानवीय सहयोगका रुपमा आफ्नो निजी गाडीलाई एम्बुलेन्सका रुपमा प्रयोग गर्नका लागि दिन चाहनु हुने इच्छुक व्यक्तिहरूले गाडी नं., ड्राइभर भएको/नभएको विवरणसहित तपसिल बमोजिमका व्यक्तिहरूलाई सम्पर्क गर्नुहोला।

| क्र.स. | सम्पर्क व्यक्ति | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १. | श्री रमेश महर्जन | नगर प्रमुख | ९८५१०२५१२५ |
| २. | श्री सरस्वती रिजाल खड्का | नगर उप-प्रमुख | ९८५११९७८११ |
| ३. | श्री सन्तमान मानन्धर | स्वास्थ्य शाखा प्रमुख | ९८४१३२९६०९ |
| ४. | श्री परशुराम चौलागाईं | सूचना अधिकारी | ९८५१२१९८०५ |
| ५. | श्री ज्ञानबज्र महर्जन | सम्पर्क व्यक्ति | ९८४१३६६०८३ |

# कीर्तिपुर नगरपालिकाद्वारा मल, बिउ पछि तरकारीको बेर्ना वितरण



कृषि उत्पादनको लागि उपयुक्त बेला र कृषकका लागि सबैभन्दा महत्त्वपूर्ण समयमा आएको कोरोना महामारी र यसले गर्दा देशमा लागु भएको लकडाउनका कारण कृषकले कृषि उत्पादनका लागि आवश्यक पर्ने मल बिउ विषादीको सहज उपलब्धता गर्न नसकेको र यसका कारण भाबी दिनमा आउन सक्ने खाद्य सङ्कटलाई मध्यनजर गरी कीर्तिपुर नगरपालिका कृषि शाखा मार्फत वडा कार्यालयको रोहवरमा नगरपालिका भरी रहेका कृषकलाई ५० प्रतिशत अनुदानका आधारमा विभिन्न कृषि उत्पादन सामग्री वितरण अभियान शुरु गरेको छ।

यसै क्रममा बर्षे धानबालीका लागि आवश्यक पर्ने (कृषकको मागका आधारमा) धानको बिउ (चाईनुङ्ग -२४२, खुमल-४, खुमल-११ गरी तीन जातका २०८० केजी ) वितरण कार्य केही दिन अघि नै सम्पन्न भएको थियो भने हाल करेसाबारी तथा कौसी खेतीका लागि नगरबासीलाई बिभिन्न बर्षे तरकारीका तयारी बेर्ना (सिमी, बोडी, काँक्रो, तितेकरेला, गोलभेँडा, काउली, बन्दा, घिरौंला, भेडेखुर्सानी, अकबरे खुर्सानी, भण्टा) सिजनल तरकारीको बीउ (रामतोरिया, काँक्रो, धनियाँ, चौमासे सीमि, बोडी) मिनिकीट, जैबिक मल (साथी) जैविक विषादी (निम) वितरण कार्य भइरहेको छ।

हाल सम्म बर्षे तरकारीका बेर्ना २० हजार, मिनिकीट १२०० पाकेट जैविक मल १० टन जैविक विषादी ७० लिटर वितरण भईसकेको र अब केही दिनमा वितरण कार्य सम्पन्न गरिसक्ने कृषि शाखा अधिकृत गणेश बहादुर थापाले जानकारी दिनुभएको छ।

## कीर्तिपुर नगरपालिका
## कीर्तिपुर नगरकार्यपालिकाको कार्यालयको
### सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७६/११/१६)
(पुनःप्रकाशित मितिः २०७७/०२/१९)

यस नगरपालिका अन्तर्गतको तपसिलको योजना सिलवन्दी बोलपत्रद्वारा निर्माण गर्नु परेकोले ईच्छुक निर्माण व्यवसायीहरुबाट चालु आर्थिक वर्षका लागि नवीकरण भएको इजाजतपत्र, सम्वन्धित स्थानीयतहमा व्यवसायदर्ता गरेको प्रमाण पत्र, फर्म कम्पनीदर्ता प्रमाण पत्र, आ.ब. ०७५/०७६ सम्मको कर चुक्ता प्रमाण पत्र, स्थायी लेखानम्बर दर्ता प्रमाण पत्रएवं मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र लगायत बोलपत्र फाराममा उल्लेखित अन्य आवश्यक प्रमाणित कागजातहरु समेत संलग्न गरी देहाय बमोजिम सिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ।

१) बोलपत्र फाराम खरीद गर्नको लागि निर्माण व्यवसायी आफै वा अधिकृत वारेसनामा सहितको व्यक्ति उपस्थित हुनुपर्नेछ।
२) बोलपत्र फाराम नगरपालिका कार्यालयबाट मिति २०७६/०३/०१गते कार्यालय समय भित्रखरिद गरी मिति २०७६/०३/०२गते मध्यान्ह १२:०० बजेसम्ममा नगरपालिका कार्यालयमा पेश गर्नु पर्ने छ। दर्ता भएका सिलबन्दी बोलपत्रहरु निजको वारेसको उपस्थितिमा नगरपालिका कार्यालयमा मिति २०७६/०३/०२ गते अपरान्ह २:०० बजे खोलिनेछ। निर्माण व्यवसायीवावारेसको उपस्थित नभएमा पनि सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
३) तोकिएको मितिमा विदा परेमाविदाको भोलिपल्ट (कार्यालय खुलेको दिन) सिलबन्दी बोलपत्र फाराम खरीद गर्ने, पेश गर्ने तथा खोल्ने कार्य हुनेछ।
४) सिलबन्दी बोलपत्र दाखिला गर्दा आफूले कबुल गरेको दर अंक र अक्षरमा स्पष्ट लेखी खामको बाहिरपट्टि कामको नाम लेखी प्रष्ट बुझिने छाप लगाई सिलबन्दी गरी दाखिला गर्नुपर्नेछ। अंक र अक्षरमा लेखिएको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ।
५) सिलबन्दी बोलपत्रसाथ कबुल गरेको अंकको २.५ प्रतिशत (अढाई प्रतिशत)ले हुने रकमयस नगरपालिकाको नाममा राष्ट्रिय बाणिज्य बैंक टेकुमा रहेको धरौटी खाता नं.१७००३०३००३००५मा जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको बोलपत्रको हकमा कम्तीमा १२० दिन मान्य अवधी रहेको बैंक जमानीपत्र संलग्न भएको हुनुपर्नेछ।
६) बोलपत्रमा कबोल अंक मूल्य अभिवृद्धि कर बाहेकको दररेटमा उल्लेख गर्नुपर्नेछ।
७) बोलपत्र सम्वन्धी विस्तृत सूचना यस नगरकार्यपालिकाको कार्यालयको website www.kirtipurmun.gov.np र सूचना पाटीमा टाँस गरिएको छ।
८) यस बोलपत्र सम्बन्धी अन्य कुनैपनि कुरा बुझ्नुपरेमा विदाको दिन बाहेक कार्यालय समयमा योजना तथा प्राविधिक शाखा/खरिद ईकाई वाफो.नं. ४३३२२०५ मा सम्पर्क राख्न सकिनेछ।
९) बोलपत्रस्वीकृत गर्ने, नगर्ने आंसिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
१०) यसमा उल्लेख भए देखि बाहेकका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।


| सि.नं. | ठेक्का नं. | कामको विवरण | लागतअनुमान (मु.अ.क. बाहेक) | बोलपत्र फाराम खरीद मूल्य (पछी फिर्ता नहुने) |
|---|---|---|---|---|
| १. | KRM - 44/076/077 | मितेरीपुल स्वर्गद्वारी टोल समेत राजकुलो - हिकाष्ट सडक स्तरोन्नती तथा कालोपत्रे, वडा नं. २ | ४२,८९,१६४।४४ | ३०००।- |

# कीनपाद्वारा विदेशबाट आउनेहरूको लगत सङ्कलन

विश्व माहामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड-१९) का कारण थुप्रै नेपालीहरू विदेशमा बसिरहेको अवस्थामा नेपाल सरकारले हालै मात्र आफ्ना नागरिकहरूलाई सुरक्षित रूपमा नेपाल फर्काउने निर्णय गरे लगत्तै कीर्तिपुर नगरपालिकाले पनि आफ्ना नगरभित्रका नागरिकहरूलाई फर्कनको लागि नगरपालिकामा सम्पर्क गर्न सूचना जारी गरेको छ।

रोजगार, अध्ययन तथा भ्रमण लगायत अन्य सिलसिलामा विदेशमा रहेर हाल नेपाल फर्कन चाहने नगरबासीहरू‍को तथ्याङ्क सङ्कलन गर्न यो सूचना जारी गरेको हो।

यसका लागि नगरपालिकाले आफ्नो वेवसाइटमार्फत तथ्याङ्क समेत सङ्कलन गरेको छ। कोही विदेशबाट आउन लागेको छ भने त्यसको सम्पूर्ण विवरण आउने गरी वेवसाइटमा राखेको फर्म भर्नु पर्ने हुन्छ।



नेपाल फर्कन चाहने नगरबासीहरुको तथ्याङ्क संकलन फारम

रोजगार, अध्ययन तथा भ्रमण लगायत अन्य सिलसिलामा विदेशमा रहेर हाल नेपाल फर्कन चाहने नगरबासीहरुको तथ्याङ्क संकलन फारम

* Required

फारम भर्ने व्यक्तिको नाम *

Your answer

विदेशबाट फर्कनेसँगको नाता *


- बुबा
- आमा
- दाजु/भाई
- दिदी/बहिनी
- पति/पत्नि
- छोरा/छोरी

विदेशमा रहेका आफैंले वा सम्बन्धित परिवारले यो फर्म भर्न सकिने छ।

कीर्तिपुर नगरपालिकाको वेवसाइट www.kirtipurmun.gov.np मा सो फर्म राखिएको छ अथवा यो https://docs.google.com/forms/d/e/1FAIpQLSdg6AEOXrzfgAbI_7RAZDkwa-aSCRQeD-nyzCxFGbx2e1HSiw/viewform लिङ्कमा क्लिक गरेर पनि उक्त फारम भर्न सकिनेछ।

यसरी नगरपालिकाको सम्पर्कमा रही आएका नागरिकहरूलाई कीर्तिपुर नगरपालिकाले बनाएको सुरक्षित क्वारेन्टिनमा कम्तीमा १४ दिन राखिनेछ भने आवश्यक परीक्षण पश्चात घरमा पठाइने छ। हाल सम्म अष्ट्रेलियाबाट २ जना, चीनबाट २ जना र बङ्गलादेश, बर्मुदा, साउदी अरेविया, थाइल्याण्ड, युनाइटेड अरव अफ इमिरेट (दुबई)बाट १/१ जना गरी ८ देशका १० जनाले उक्त फारम भरेका छन् भने उनीहरू आएको खण्डमा सोही क्वारेन्टिनमा राख्ने नगरपालिकाले व्यवस्था गरेको छ।

---




**मिति २०७७ जेठ २७ गते मंगलवार बिहानको ७:३० बजे देखि ८:३० बजे सम्म Zoom मार्फत् आयोजना गरिने Online अन्तरक्रिया कार्यक्रमा सहभागिताका लागि हार्दिक आमन्त्रण गरिन्छ।**

**Communication during lockdown**
**Meeting Link:**
**https:// zoom.us/j/96341874771**

**कार्यक्रमको बिषय : कौसी खेती**

**वक्ताहरू :**

१. प्रा.डा. धर्म राज डंगोल, कृषि विज्ञ
२. गणेश थापा, अधिकृत, की.न.पा, कृषि शाखा
३. नविन प्रधान, वरिष्ठ विज्ञ, खुमलटार कृषि अनुसन्धान केन्द्र
४. बाँलानानी महर्जन, विज्ञ प्रशिक्षक, कौशी खेती

**Meeting ID: 69341874771**

कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित ● सम्पादक : रत्न महर्जन ● उप-सम्पादक : ज्ञानकुमार महर्जन ● मुद्रण : गुरु गणेश अफसेट प्रेस, पांगा, मोबाइल : ९८४१८५०६२८
● कार्यालय : कीर्तिपुर नगरपालिका भवन ● फोन : ४-३३१३८१, ४-३३१६९३ (दर्ता) ● वेबसाइट : www.kirtipurmun.gov.np
● ईमेल : ict.munkirtipur@gmail.com, info@kirtipurmun.gov.np ● Facebook : facebook.com/kirtipurmun ● Facebook : Nagar Sandesh ● ईमेल : nagarsandes@gmail.com